# व्यक्तिगत घटना दर्ता

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ । यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्य पाउनु पर्छ । यसको आधारमा सरकाले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

यस कोसीहरैंचा नगरपालिका कार्यालयमा गत आ.ब २०७२/०७३ मा दर्ता भएका घटना दर्ताहरुको संख्या निम्नानुसार रहेको छ ।

| समूह | संख्या |
|---|---|
| जन्मदर्ता | १४९६ |
| मृत्यु दर्ता | १९९ |
| विवाहदर्ता | ५६९ |
| बसाईसराई | १६३० |
| सम्बन्धविच्छेद | ५ |

# वातावरण, फोहोरमैला व्यवस्थापन र खुल्ला दिशामुक्त क्षेत्र

## वातावरण र फोहोरमैला व्यवस्थापन

वातावरण सम्पूर्ण प्राणीका लागि घर हो । वातावरणमा नै प्राणीको अस्तित्व अडिएको हुन्छ । मानिस आज जुन अवस्थामा छ त्यो सम्पूर्ण रुपमा वातावरणको देन हो । वातावरणको अत्याधिक शोषणका कारणनै आज विश्वको यो विकास सम्भव भएको हो । प्रकृतिले मानव उपयोगी वातावरण सुम्पिएको अवस्थामा आज मानिसले विकासको होडमा वातावरणमाथि ठूलो शोषण गरेको छ र आफ्नो जीवनको अस्तित्वलाई दाउमा राखेको छ । क्षणिक फाइदालाई मात्र हेर्दा वातावरण मानवप्रतिकुल बन्दै गइरहेको छ । अझ पनि मानिसको ध्यान पूर्णरुपमा वातावरण सरंक्षणमा जान सकेको छैन । ओजनतहको विनास, त्यसको परिणाम स्वरुप सूर्यबाट अत्याधिक मात्रामा परावैजनिककिरण पृथ्वीमा आउने गरेको कारण पृथ्वीमा जलवायु परिवर्तन, मरुभूमीकरण जस्ता समस्या विश्वव्यापी रुपमा अत्याधिक जल्दोबल्दो समस्याको रुपमा देखिएको छ । विकासका क्रममा वातावरण प्रदुषण जस्ता समस्या तड्कारो रुपमा देखिएको छ ।

यस कोसीहरैँचा नगरपालिका कार्यालयले वातावरणमैत्री नगर निर्माण गर्ने कार्य थालनी गरीसकेको छ तर यसका लागि धेरै चुनौतीहरु नगरपालिका सामु देखिएको छ । नगरपालिकाले वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण रोक्नको लागि आफ्नो वार्षिक नगर विकास योजनामा पनि वातावरण मैत्री बनाउनका लागि विभिन्न कार्यक्रमहरु राखेको छ । वातावरण प्रदुषणले मानिसमा क्यान्सर तथा विभिन्न मानसिक रोग निम्त्याएको छ । पछिल्लो समयमा नगरपालिकाले वातावरण सहितको विकास दिगो विकास हो भन्ने अवधारणा पनि अघि सारेको छ । वातावरण व्यक्तिको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विषय हो । नगरपालिकाले विकासका नाममा कुनै पनि प्राणिको बाँच्न पाउँने अधिकार हनन नगरी प्राकृतिक स्रोत र साधनको सरंक्षण गर्दै विकास कृर्याकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्यांकन गरेर मात्र सञ्चालनको अनुमति दिने त्यसै गरी अत्याधिक रुपमा वायु प्रदुषण गर्ने, ध्वनी प्रदुषण गर्ने उधोगव्यवसाय, कलकारखाना, रसायनीक भट्टीहरु लाई तिनीहरुबाट हुने प्रदुषणको मात्राका आधारमा मापदण्ड तयार गरी अनुमति दिन जस्ता कार्यको थालनी भैसकेको छ ।

कोसीहरैँचा नगरपालिका कार्यलयले वातावरण संरक्षणका लागि स्थानीय समुदायसँग सहकार्य गर्दै मानव अनुकुल वातावरण निर्माणमा सहयोग जुटाउँदै आईरहेको छ । कोसीहरैँचा नगरपालिका कार्यलयलाई वातावरण मैत्री नगर बनाउनका लागि निम्न अनुसारको काम भैरहेको छ ।

- वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० लाई कार्यान्वयन गर्ने नीति अवलम्बन गरीने छ ।
- नयाँ बन्ने कालोपत्रे सडकमा प्रत्येक १०/१० फिटमा १/१ वटा साना रुख रोप्नुपर्ने ।
- घर नक्सा पास गर्दा तथा घर निर्माण सम्पन्न प्रमाण पत्र लिनु पूर्व घरधनीले आफ्नो घरको अगाडी २ वटा विरुवा अनिवार्य रोप्नु पर्ने अन्यधा घर नक्सा पास नहुने ।
- कोसीहरैँचा नगरपालिकालाई जंगल भित्रको सहरको रुपमा विकास गर्नेका लागि व्यक्तिगत घटना दर्ता गर्ने आएका प्रत्येक व्यक्तिले एउटा रुख अनिवार्य रुपमा रोप्ने ।

- नगरपालिकाले नगरभित्रको फोहोरमैला व्यवस्थापन गर्नका लागि वडा नम्बर १५ मा नगरपालिका, उधोग वाणिज्य संघ, नागरीक समाज र विभिन्न वितिय संस्थाको सहयोगमा २ विगाह जग्गा खरिद गरेर डम्पिङ साईटको व्यवस्था गरेको छ ।
- विकासमा पूर्वाधार कार्यक्रम संचालन गर्दा रुख विरुवा कटान गर्नुपर्ने भएमा १ रुख बराबर ४ विरुवा थप रोप्ने गरी कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिई अबलम्बन गरिनेछ ।
- जलाधार संरक्षण र भूमिगत जलस्रोत सरंक्षण एवम् दिगो उपयोगलाई प्रवद्दन गरिनेछ ।
- वातावरण मैत्री विकास पूर्वाधारलाई दिगो बनाउन टोल विकास समितिको विस्तारका लागि निर्देशिका बमोजिम टोल विकास संस्था गठन गर्ने नीति अवलम्बन गरीने छ ।
- स्वच्छ वातावरण र जलबायू अनूकुलित विकास व्यवस्थापन गर्न स्थानीय सरोकारवाला तथा उपभोक्ता समिति लाई अभिमुखीकरण र सचेतना कार्यक्रम संचालन कार्यक्रम संचालन गर्ने नीतिलाई नीतिलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाले राष्ट्रिय लोकमार्ग सरसफाई अभियानलाई सफल बनाउन २०७२ साल पुष ९-१६ गते सम्म सञ्चालन गरेको ।
- नगरपालिकाले नगरसरसफाई लाई व्यवस्थित गर्नका लागि वडास्तरीय वडा सरसफाई समिति, नगर स्तरीय सरसफाई समन्वय समिति, वडा स्तरीय सरसफाई समन्वय समिति गठन गरी वर्ल्ड भिजन र वेल को सहकार्य पनी गरीरहेको छ ।
- फोहोरमैला व्यवस्थापनका लागि Zero West Management र Resource Recorvercy Center को अवधारणालाई आत्मसाथ गर्न सरोकारहरुको साझेदारीमा काम गर्ने नीति अवलम्बन गरीने छ ।
- नगरपालिकाले चाडैनै  प्रत्येक वडा हरुमा मच्छड विरुद्धको औषधि छर्कने व्यवस्था गर्नेछ ।
- घरमै फोहोर विर्सजन र अतिरिक्त आय प्रवद्धन गर्ने कार्यमा टोल विकास संस्थालाई कियाशिल बनाइनेछ ।
- फ्याकीएका प्लाष्टिकजन्य सामाग्रीको पुनः प्रयोग गरी व्यवसायिकीकरण गर्न सीपमुलक तालिम प्रदान गर्न नीति अवलम्बन गरीने छ । यसबाट कोसीहरैँचा नगरपालिकालाई प्लाटिक मुक्त गर्न अभियानमा सहयोग पुग्ने छ ।

यसरी कासीहरैँचा नगरपालिका कार्यलयले वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यलाई व्यवस्थीत गर्नेका लागि रातदिन मेहनत गरीरहेको छ । आ.व २०७२/७३ मा मात्र यस नगरपालिकाले फोहोरमैला व्यवस्थापन का लागि रु४५००००।- बजेट विनियोजित गरेको छ । त्यस्तै गरी महामारी नियन्त्रण तथा लामखुट्टे नियन्त्रणको औषधि छर्कनको लागि रु३०००००।-, Post ODF कार्यक्रम तथा सरसफाई तथा खानेपानि का लागि रु ३७५०००।-, ल्याण्डफिल्ड साइट व्यवस्थापनका लागि रु १०००००।-,प्राकृतिक सम्पदा संरक्षण र व्यवस्थापन का लागि रु १५००००।- को बजेट विनियोजन गरेको छ र सोही अनुसार काम पनि भैरहेको छ । मावअनुकुल वातावरण निर्माण गर्नेका लागि तथा व्यवस्थित सहर निर्माण गर्नका लागि नगरपालिकाले मात्र एकोहोरो लगानी गरेर हुदैंन त्यसका लागि जनस्तरबाटनै वातावरण सरंक्षण तथा फोहोरमैला व्यवस्थापनमा जुट्न जरुरी हुन्छ । फोहोरमैला व्यवस्थापन, वृक्षारोपण र सरंक्षण, प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धि चेतनामुलक कार्यक्रम नगरपालिकाले दिन प्रतिदिन गर्दै आइरहेको कुरा सम्पूर्ण

नगरवासीहरुलाई अवगत नै रहेको छ । हाल ल्याण्ड फिल्ड साइटको सुरक्षाको लागि समुदायहरु मिलि वृक्षारोपण काम भैरहेको छ। फोहोरमैला उचित व्यवस्थापन गरी स्वच्छ वातावरण बनाउन हरियाली प्रवद्धन कार्यक्रम तथा एक वडा एक पार्क कार्यक्रमलाई विशेष जोड दिई रहेको छ। आगामी दिनमा जथाभावी फोहोर फाल्नेलाई आवश्यक कारवाही गर्ने अनुगमन तथा निगरानी समिति गणन गरी विशेष सरसफाई अभियान चलाईनेछ। त्यस्तै गरी यस नगरपालिकाको फोहोरमैलाको दिर्धकालीन व्यवस्थापनको लागि सार्वजनिक निजी साझेदारीको नीति बमोजिम फोहोरमैला बिजुली निकाल्ने कार्यक्रम संचालन गर्न योजना समेत रहेको छ । स्वच्छ वातावरण निर्माण गरी भावी पिंढीहरुलाई हस्तान्तरण गर्नु नगरपालिकाको उद्देश्य रहेको तर यो उद्देश्य पुरा गर्नका लागि तपाईहरुको साथको नगरपालिका लाई खाचौँ छ। स्वच्छ वातावरण हाम्रो मात्र नभई हाम्रा भावी सन्तानको समेत अधिकार हो । यस विषयमा नगरवासीहरुले वेलैमा सोच्न जरुरी रहेको छ। हैन भने हामी त समस्याको शिकार बन्छौ नै हाम्रा सन्तानले समेत हामीलाई सराप्नेछन् ।

## खुल्ला दिसामुक्त क्षेत्र

किन नेपालमा जहाँ पनि आजभोलि खुल्ला दिसामुक्तको नारा देखिन्छ । के तपाईको घरमा चर्पी छ ? के तपाईको गाउँटोल खुल्ला दिसामुक्त क्षेत्र घोषणा भयो ? के तपाईको घरमा खानेपानीको सुविधा छ ? के तपाई नेपाल सरकारको गुणस्तर मापदण्ड अनुसार पानी पिउनु हुन्छ ? के तपाई साबुन पानीले हात धुनु हुन्छ ? के तपाई घरमा सरसफाई सम्बन्धि कुरा गर्नु हुन्छ ?

सुन्दा हाँस उठेर आउँछ र लाज पनि लाग्छ घर घरमा चर्पी नभएकै कारण आज पनि हाम्रा दाजुभाइ दिदि बहिनीहरु हैजा, झाडा, बान्ता, पखाला, लागेर मर्छन् । सरसफाई गुरु योजना २०११ का अनुसार खुल्ला दिसामुक्त भन्नाले खुल्ला रुपमा दिसा नगर्ने अवस्थालाई बुझिन्छ। दिसामा झिँगा बस्न नसक्ने गरी खाल्डोमा ढक्कन लगाएको अवस्थालाई बुझिन्छ। खुल्ला दिसामुक्त अवस्थाले पानी सिर्जीत रोगहरु, झाडा पखाला, हैजा, टाइफाइट, हेपटाइटिस र परजीवीको थुप्रो लाग्ने जस्ता समस्या बाट छुटकारा पाइन्छ। यी समस्याबाट जाबो एउटा चर्पी नहुँदा हरेक दिन नेपालमा थुप्रै बालबालिका हरुको मृत्यू हुन गइरहेको छ। नेपाल सरकारले सन् २०१७ सम्मका खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य अझै पनि चुनौतीपूर्ण देखिन्छ।

| वडा नं. | घरधुरी संख्या | अवस्था |
|---|---|---|
| १ | १९४१ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| २ | ६४५ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| ३ | ११६५ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| ४ | ११९१ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| ५ | ६२० | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| ६ | ७०९ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा हुन बाकीँ २२ वटा घरमा चर्पी नभएको |
| ७ | ६५१ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| ८ | ६६५ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा हुन बाकीँ ४१ घरमा चर्पी नभएको |
| ९ | ७५० | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| १० | ३८१ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |

| | | |
|---|---|---|
| ११ | ६२० | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| १२ | ५८८ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| १३ | ५२० | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| १४ | ६१० | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| १५ | ४४१ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |
| जम्मा | ११४९७ | खुल्ला दिसामुक्त क्षेत्र घोषणा |

माथिको तथ्यांकलाई हेर्दा यस कोसीहरैँचा नगरपालिका कार्यलयका अधिकांश वडाहरु खुल्ला दिशामुक्त क्षेत्र घोषणा भैसकेको छ । वडा नम्बर ८ र ६ पनि चाडैनै खुल्ला दिशामुक्त वडा घोषणा संग संगै समग्र नगरपालिका पनि खुल्ला दिशामुक्त नगर घोषीत हुने छ । जसकालागि यस नगरपालिकाले आफ्नो योजनामा विभिन्न कार्यक्रम राखेको छ । कोसीहरैँचा नगरपालिका कार्यालयले नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिका क्रियाशिललतामा कार्य योजना निर्माण गरी नगरपालिकाका सबै वडालाई चाडैनै खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिने छ र पूंण सरसफाई नगरपालिकाले साझेदार निकायहरु संग समन्वय गरी कार्य बढाउने नीति अवलम्बन गर्नेछ । त्यस्तै गरी नगरपालिकाले स्थानीय सरकारको दायित्व निर्वाह गर्दै मासु तथा अन्य खाध्य पदार्थहरुको अनुगमन र व्यवस्थापन कार्यलाई सरोकारवाला हरुसंगको सहकार्यमा गर्ने र पशु बधशाला निर्माण र व्यवस्थापनलाई उधोग वाणिज्य संघको साझेदारीमा अघि बढाउने लक्ष्य लिएको छ ।

## दैनिक सार्वजनिक सेवा प्रवाह

सार्वजनिक सेवा राज्यको दायित्व र जनताको अधिकार हो । कार्यालयको प्रभावकारीता मापन गर्ने बलियो आधार पनि सेवा प्रवाह नै हो । सार्वजनिक सेवाको प्रभावकारीता भनेको जनता र सरकार बिचको GAP मेटाउनु नै हो । कोसीहरैँचा नगरपालिका कार्यलयले सेवा प्रवाहका सन्दर्भमा देखिएका प्रशासनिक सास्ती हटाउन प्रतिबद्ध रहेको, जनतालाई बढी सेवा र सुविधा पुर्याउन चाहेको, जनताका अपेक्षित सेवाहरु घरदैलोमा पुऱ्याउन दत्तचित रहेको कुरा जानकारी दिलाउन चाहन्छौ । कोसीहरैँचा नगरपालिका कार्यालय सदैव सेवाग्राहीमैत्री हुनेछ । जसका लागि यस नगरपालिकाले कार्यालयमा विश्वासनीय र सेवागौहीमैत्री नागरिक सहायता कक्ष खडा गरेको छ । कार्यलयमा आउने सेवाग्राहीलाई राम्रो शौचालय, पिउने पानी, पत्र पत्रिका, टेलिभिजन तथा नयाँ भवनमा फि वाईफाई सुविधा समेत उपलब्ध गराउने छ । यथार्थमा सार्वजनिक सेवा प्रवाह गरेर मात्रै भएन सेवाग्राहीले उपयुक्त ढंगले सेवा पाएको महसुस पनि गर्नुपऱ्यो । सेवाग्राहीले माग गर्ने सेवा कसैले बक्सिसको रुपमा दिने होइन । यो उसको अधिकारको विषय हो । कतिपय सरकारी कार्यालयबाट साना तिना कागजात तथा झण्झटिला कानूनी प्रकृयाको कारणले पनि सेवाग्राहीले सेवा पाउन सकेका छैनन् । कोसीहरैँचा नगरपालिका कार्यालयमा सम्पूर्ण प्रकृयाहरुलाई डिजिटल बनाइ कम्प्यूटरद्धारा सेवा प्रवाह गरीदैं आएको छ ।

यस आर्थिक वर्ष देखि सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता पनि अनलाईन सिस्टममा राखिसकेको छ । कुनै पनि सेवाग्राही जो व्यक्तिगत घटना दर्ताका लागि नगरपालिका आउनुहुन्छ उहाँहरुले घरमै बसेर पनि आफ्नो घटना दर्ताको फर्म भर्न सक्नुहुनेछ । यस नगरपालिकाले राजश्व लाई थप व्यवस्थित बनाउनका लागि व्यवसाय दर्ता तथा धरौटीलाई पनि सफ्टवेयर अर्न्तगत राखिसकेको छ । त्यस्तै गरी आगामी दिनमा दर्ता

चलानीलाई पनि कम्प्यूटर प्रणाली अर्न्तगत राख्ने प्रयास गर्दैछ । कोसीहरैँचा नगरपालिका कार्यालयमा कुनै पनि कर्मचारीले कार्यालयको अधिकाररुपी साँचो जनैमा वा सिक्रीमा झुण्डयाएर हिड्ने अधिकार प्रदान गरीएको छैन । यस नगरपालिकाले First Come First Service को सिद्धान्तअनुसार सेवा प्रवाह गरीरहेको छ । जिन्सी शाखा तथा लेखा शाखामा पनि सफ्टवेयर प्रणाली मार्फत सेवा तथा सुविधा प्रदान गर्दै आएको छ । कर्मचारीहरुले विधिको शासन, जिम्मेवारी र दायित्वबोध, उच्च नैतिकता र सदाचार पद्धतिको अवलम्बन गरी शिष्टाचारबश जनतामा सेवा प्रवाह गर्दै आएका छन् । त्यस्तै गरी सार्वजनिक श्रोत र साधनको समुचित परिचालन गर्दै नागरीकहरुको हकहीत सरंक्षण एवम् संवृद्धिका लागि नगरपालिकाले विभिन्न कृयाकलापहरु गर्दै आएको छ । छिटो, छरितो, पारदर्शी, निष्पक्षरुपमा सेवा प्रदान गर्ने कार्यमा नागरीक वडापत्रको व्यवस्था गरेको छ । नगरपालिकाले जनता तथा कर्मचारीको गुनासो सुन्नका लागि गुनासो अधिकारीको रुपमा कोसीहरैँचा नगरपालिका कार्यालयमा हाल कार्यरत ईन्जिनियर सुनिल अधिकारीलाई गुनासो अधिकारीको रुपमा राखेको छ । गत आ.ब २०७२/०७३ मा यस कोसीहरैँचा नगरपालिका कार्यालयबाट निम्नअनुसारका सेवा प्रवाह भएको छ ।

**नागरीकता सिफारीस- १६६८ जनालाई**

**नाताप्रमाणित - ४५९ जनालाई**

**व्यवसाय सञ्चालन अनुमति - १०७९ जनालाई**

सहज र सरल रुपमा सार्वजनिक सेवा प्राप्ति गर्नु सम्पूर्ण नागरिकहरुको नैसर्गिक अधिकार हो । कोसीहरैँचा नगरपालिका आफ्नो उत्तरदायी र जिम्मेवारी वहन गरी आफ्नो सपथको मर्यादालाई कायम राखी सेवामा तल्लिन रहेको छ । सहकार्य, समन्वय, सहिष्णुता, सदभाव, पारस्पारिक एकतालाई नै आधार बनाई सेवाको गुणस्तरीयता र प्रभावकारीतालाई प्रतिष्पर्धाको माध्यमबाट अगाडी बढाएको छ । सेवा प्रवाहलाई कसरी छिटो, छरितो, नयाँपन दिलाई अगाडी लैजान सकिन्छ भन्ने बिषयमा कोसीहरैँचा नगरपालिका कार्यालय सदैव क्रियाशिल रहेको छ । सेवा प्रवाहमा नयाँ उपकरण प्रयोग गरी कार्यगत शीघ्रता र गुणस्तरीयता कायम गरी Demand Based Service लाई आत्मासाथ गरेको छ ।

## नागरीक वडापत्र :-

सरकारी कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई कार्यालयबाट प्रदान गरिने सुविधाबारे सुसूचित गर्न र कार्यालयका काममा पारर्शिता ल्याई सुशासन कायम गर्न प्रत्येक सरकारी कार्यालयले नागरिक बडापत्र राख्नुपर्दछ । नागरिक बडापत्रले सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी गराउँदछ । कोसीहरैँचा नगरपालिका कार्यालयले पनि कार्यालय परिसर भित्र सबैले देख्ने गरी नागरीक बडापत्र राखेको छ । जसमा यस नगरपालिकाले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न आउँदा अपनाउनुपर्ने प्रकृया, सेवा प्रदान गर्न लाग्ने समयावधि, सेवा पैदान गर्ने पदाधिकारी र निजको कार्य कक्षको विवरण, सेवा प्राप्त गर्न लाग्ने दस्तुर तथा अन्य रकम लाग्ने भएमा सोको विवरण र सेवा प्राप्त

नभए वा ढिलाइ भएमा उजुर गर्ने ठाँउको बारे नागरिक बडापत्रमा उल्लेख गरीएको छ । कोसीहैंचा नगरपालिका कार्यालयको नागरीक बडापत्र निम्ननुसार रहेको छ ।

# कोसीहरैंचा नगरपालिका कार्यालय

# ईन्द्रपुर मोरङ

# नागरीक वडा पत्र २०७२

### प्रशासन शाखा बाट प्राप्त हुने सेवाहरू

| क्र.सं. | सिफारीसको किसिम | आवश्यक पर्ने प्रमाणहरूको विवरण | लाग्ने अवधी | लाग्ने दस्तुर रू | तोकिएको अधिकारी |
|---|---|---|---|---|---|
| १ | जग्गा नामसारी मृतकका नामबाट | निवेदकको नागरीकताको प्रतिलिपी, मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपी, चालू आव सम्मको मालपोत तीरेको रसिदको प्रतिलिपी, बसाईसराई प्रमाणको प्रतिलिपी, वडाको सक्कल सरजमीन मुचुल्का, वडा सचिवको सिफारीस र आवश्यक अन्य कागजातहरू | ३ घण्टा | ५१०। थप प्रतिकठ्ठा १०० | शाखा प्रमुख |
| २ | नाता प्रमाणीत | निवेदको नागरीकताको प्रतिलिपी, नातेदारहरूको नागरीकताको प्रतिलिपी, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, घटना दर्ता प्रमाणपत्रको प्रतिलिपी, हरेक दुई प्रति फोटोहरू, सरजमिन मूचुल्का | ३ घण्टा | नेपालीमा ४६०। अग्रेजीमा ८६० | कार्यकारी अधिकृत |
| ३ | नागरीकता प्रमाणपत्रको सिफारीस | बाबु आमाको नागरीकताको प्रतिलिपी, सनाखत गर्नेको नागरीकताको प्रतिलिपी, जन्मदर्ताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपी, विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपी, बसाईसराईको प्रमाण, आवश्यकता अनुसार सरजनमीन र आवश्यक अन्य कागजातहरू | ३ घण्टा सरजमिन गर्नु पर्ने भएमा ३ दिन | रू ११०। अंगीकृत नागरीकतको हकमा ५१०। | शाखा प्रमुख |
| ४ | पेन्सन नामसारीको सिफारीस | निवेदकको नागरीकताको प्रतिलिपी, विवाहदर्ताको प्रतिलीपी, आर्मी काजगातहरूको प्रतिलिपी, मृत्युदर्ताको प्रतिलिपी, बसाईसराई प्रमाणपत्रको प्रतिलिपी, स्थलगत सक्कल सरजमीन मुचुल्का र अन्य आवश्यक कागजातहरू | ३ घण्टा | नेपाली पेन्शन बहाकको हकमा ३१०। भारतीयको हकमा ८१०। सो बाहेको हकमा १५१०। | शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | जग्गाधनी पूर्जामा फोटो टांस सिफारीस | स्थाईबसोबासको प्रमाणपत्र, जग्गा धनिपूर्जाको प्रतिलिपी, राजीनामाको प्रतिलीपी, जग्गा धनीको नागरीकताको प्रतिलिपी, ३ प्रति फोटो एकीकृत सम्पत्ती कर तीरको प्रतिलीपी र जग्गा धनी आफै उपस्थित हुनुपर्ने । | ३ घण्टा | रू २६०। | शाखा प्रमुख |
| ६ | विवाह प्रमाणीत सिफारीस | पति र पत्नीको नागरीकताको प्रतिलिपी, बसाईसराई प्रतिलिपी, मृत्युदर्ताको प्रतिलिपी, पति र पत्नीको हालै खिचेको दुई प्रति फोटो , वडाको सक्कल सरजमीन मुचुल्का | ३ घण्टा | रू ६१०। अंग्रेजीमा भए रू ८१०। | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| ७ | जन्म प्रमाणीत सिफारीस | निवेदको नागरीकतको प्रमाणपत्रको प्रतिलीपी, स्कुल सर्टिपिकेटको प्रतिलीपी, चिना जन्मकुल्डलीको प्रतिलीपी, बसाईसराई प्रमाणको प्रतिलीपी, वडाको सक्कल सरजमीन मुचुल्का | ३ घण्टा | रू ५१०। अंग्रेजीमा भए रू ८१०। | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| ८ | मृत्यू प्रमाणीत सिफारीस | निवेदकको नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, बसाईसराई प्रतिलीपी, मृतकको नागरीकताको प्रतिलीपी, वडाको सक्कल सरजमीन मुचुल्का | ३ घण्टा | रू ५१०। अंग्रेजीमा भए रू ८१०। | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| ९ | नाम, थर, उमेर, ठेगाना आदि संसोधन प्रमाणीत | निवेदको नागरीकताको प्रतिलिपी, बसाईसराईको प्रतिलीपी फरक परेको प्रमाणपत्रको प्रतिलिपी, अन्य आवश्यक प्रमाणको प्रतिलिपी, वडाको सक्कल सरजमीन | ३ घण्टा सरजमिन गर्नु पर्ने भएमा ३ दिन | रू ५१०। अंग्रेजीमा भए रू ८१०। | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| १० | बसोबास प्रमाणीत | निवेदकको नागरीककताको प्रमाणपत्रको प्रतिलीपी, बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलीपी, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलीपी | ३ घण्टा | रू ५१०। अंग्रेजीमा भए रू ८१०। | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| ११ | अविवाहीत प्रमाणीत | निवेदक स्वयम्को उपस्थितिमा स्वीकृत ढांचा अनुसारको निवेदन, निवेदको पहिचान खुल्ने कागजात प्रमाणहरू, स्वीकृत ढांचामा सरजमीन सिफारीस | ३ घण्टा | रू ६१०। अंग्रेजीमा भए रू ८१०। | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| १२ | मोही लगत कट्टा सिफारीस | निवेदको नागरीकताको प्रतिलीपी, मृत्युदर्ताको प्रतिलीपी, जग्गा धनिको नागीकताको प्रतिलीपी, जग्गा धनी पूर्जाको प्रतिलीपी, हाल सालको ए सम्पत्ती कर तीरेको रसिदको प्रतिलीपी, मोहीहक प्रमाणको प्रतिलीपी, बसाईसराईको प्रतिलीपी, वडाको सक्कल सरजमीन मुचुल्का | ३ घण्टा | रू ५१०। प्रतिकठ्ठा थप रू १००। | शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | चारीत्रीक प्रमाण सिफारीस | निवेदकको नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, चरीत्र खुल्ने प्रमाणपत्र र अन्य आबश्यक कागजातहरू | ३ घण्टा | रू ५१०। अंग्रेजीमा भए रू ८१०। | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| १४ | अन्य विविध | निवेदकको नागरीकताको प्रतिलीपी, विषय संग सम्बन्धित अन्य आवश्यक काजगातहरूको प्रतिलीपी र आबश्यक भएमा वडाको सक्कल सरजमीन मुचुल्का | ३ घण्टा | सिफारीसको प्रकृति हेरी फरक पर्ने | अंग्रेजीमा भए कार्यकारी अधिकृत नेपालीमा भए शाखा प्रमुख |
| १५ | उद्योग दर्ता | निवेदकको नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, घरेलू तथा साना उद्योग कार्यालयको पत्र, आवश्यकता अनुसार पत्रिकामा सार्वजनिक गरीएका सुचननाहरूको प्रमाणहरू, व्यवसाय प्रमाणपत्रको प्रतिलीपी, वडाको सक्कल सरजमीन मुचुल्का | १० दिन | उद्योगको प्रकृति, अधिकृत पूंजी हेरी फरक पर्ने | शाखा प्रमुख |
| १६ | सहकारी लागायतका संस्था दर्ता सिफारीस | संस्थाले प्राप्त गरेको तथा विक्रि वितरण गरेको तथ्यांक सहितको पत्र, प्रत्येक उपभोक्ताले बुझेको भरपाईको प्रतिलीपी, स्थानीय जनप्रतिनीधीहरूको रोहवरमा वितरण गरीएको सरजमीन मुचूल्का । | ३ घण्टा | सहकारी लगायतको प्रकृति हेरी फरक पर्ने, कृषि सहकारी निशुल्क ( सरजमिन मुचुल्काको दस्तुर भने लाग्ने) कृषि उत्पान विक्री, वितरण भएमा मात्र | शाखा प्रमुख |
| १७ | निजी रूख कटान सिफारीस | जग्गाधनी स्वयम्को निवेदन, कटान गरीने रूखको जात, किसीम, संख्या र परिणाम, जग्गाधनी प्रमाणपूर्जा, सम्बन्धित नापी कार्यालयबाट उक्त जग्गाको प्रमाणी करण सिफारीस समबन्धित वन कर्मचारी बाट वन कार्यालयलाई दिईएको प्रतिवेदन, सार्वजनिक सुनुवाईका लागी वन कार्यालय बाट नगरपालिकालाई बोलाईएको पत्र, वन कार्यालय बाट गरीएको वडागत सरजनमीन । | ३ घण्टा | सिफारीस रकम रू १०१०। प्रति रूख थप रू २००। | शाखा प्रमुख |
| १८ | निजी रूख कटान सिफारीस दाउरामा प्रयोग हुने प्रयोजनको लागी प्रति टयाक्टर | जग्गाधनी स्वयम्को निवेदन, कटान गरीने रूखको जात, किसीम, संख्या र परिणाम, जग्गाधनी प्रमाणपूर्जा, सम्बन्धित नापी कार्यालयबाट उक्त जग्गाको प्रमाणी करण सिफारीस समबन्धित वन कर्मचारी बाट वन कार्यालयलाई दिईएको प्रतिवेदन, सार्वजनिक सुनुवाईका लागी वन कार्यालय बाट नगरपालिकालाई बोलाईएको पत्र, वन कार्यालय बाट गरीएको वडागत सरजनमीन । | ३ घण्टा | प्रति ट्याक्टर रू २५१०। | शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | घर बाटो प्रमाणीत अंश बण्डा नामसारी बकस दाईजो बैकिङ प्रयोजनका लागि गरीने सिफारीस | अनुसुची १ अनुसारको निवेदन ( जग्गा लिने दिने वा अधिकृत वारीसनामा प्राप्त व्यक्ति स्वयम्को उपस्थिती) अमिनको सिफारीस सम्बन्धित व्यक्तिको नागरीकताको प्रतिलिपी, नामसारी, अंशवण्डा लागायत भई जाने व्यक्ति तथा संस्थाको नागरीकताको प्रतिलिपी एवम छाप, जग्गा धनि प्रमाणपूर्जाको प्रतिलीपी, जग्गाको प्रमाणीत सक्कल नक्सा, एकिकृत सम्पत्ती कर को रसिदको प्रतिलीपी | भोली पल्ट | पन्ध्र धुर सम्मको रू ६१०। एक कठ्ठा सम्मको रू ८६०। एक कठ्ठा देखी ३ कठ्ठा सम्मको रू ११११०। तीन देखी ५ कठ्ठा सम्मको रू १६१०। पांच देखी १० सम्मको २११०। दश कठ्ठा देखी १ विगाहा सम्मको २६१०। एक विघा देखी तीन विघा सम्मको रू ३६१०। सो भन्दा माथि रू ४०१०। | शाखा प्रमुख |
| २० | घर बाटो प्रमाणीत विक्री सिफारीस | अनुसुची १ अनुसारको निवेदन ( जग्गा लिने दिने वा अधिकृत वारीसनामा प्राप्त व्यक्ति स्वयम्को उपस्थिती) अमिनको सिफारीस सम्बन्धित व्यक्तिको नागरीकताको प्रतिलिपी, जग्गा धनि प्रमाणपूर्जाको प्रतिलीपी, जग्गाको प्रमाणीत सक्कल नक्सा, एकिकृत सम्पत्ती कर को रसिदको प्रतिलीपी | भोली पल्ट | एकीकृत सम्पत्ति कर मुल्यांकनको आधारमा राजस्व उपशाखामा उल्लेख भएको । | |
| २१ | घरबाटो प्रमाणीत अमिन प्रयोजन | अनुसुची १ अनुसारको निवेदन ( जग्गा लिने दिने वा अधिकृत वारीसनामा प्राप्त व्यक्ति स्वयम्को उपस्थिती) अमिनको सिफारीस सम्बन्धित व्यक्तिको नागरीकताको प्रतिलिपी, जग्गा धनि प्रमाणपूर्जाको प्रतिलीपी, जग्गाको प्रमाणीत सक्कल नक्सा, एकिकृत सम्पत्ती कर को रसिदको प्रतिलीपी | भोली पल्ट | पन्ध्र धुर सम्मको रू ५१०। पांच कठ्ठा सम्मको ६१०। एक विघा सम्मको १०१०। दुई विघा सम्मको रू २०१०। सो भन्दा माथि रू ३०१०। घर बनाउन किचलो परी जग्गा छुट्याउनु परेमा थप रू ५००। | अमीन |
| २२ | विद्युत जडान तथा नमसारी सिफारीस | वडा समितिको सिफारीस, सम्बन्धित व्यक्तिको नागरीकताको प्रतिलीपी, जग्गाधनी पूर्जाको प्रतिलीपी, नगरपालिकाले घर बनाउन दिएको स्वीकृत पत्र, चालू आवको कर तथा दस्तुर चुक्ता गरेको प्रमाण ( पूरानाको कच्चिघरको लागी घर बनाउन दिएको स्वीकृती पत्र आवश्यक नपर्ने) | ३ घण्टा | रू ५१०। सुकुम्वासीको हकमा निरीक्षण गरी सिफारीस दस्तुर रू ६०। र सरजमिन मुचुल्का दस्तुर रू ४१०। | शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | घर नक्सा पास | घरको नक्सा तीन प्रती, जग्गाको राजीनामा पास गरेको प्रतिलीपी १ प्रति, जग्गा धनी प्रमाणपूर्जाको प्रतिलीपी १ प्रती, जग्गा धनीको नागरीकताको प्रतीलीपी १ प्रति, जग्गाको फायल नक्सा सक्कल एक प्रति, राजश्व,धरौटी राखेको प्रमाण, चालु आव सम्म नगरपालिकालाई बुझाउने वक्यौता लगायतका रकम बुझाएको प्रमाण साथै आवश्यक परेको अन्य आवश्यक कागजातहरू । | २५ दिन भित्रमा दुई चरणमा गरेर | १००० बर्गफुट सम्म प्रतिवर्ग फुट रू ३.५०। १५०० बर्ग फुट सम्म प्रतिवर्ग फुट ४.५०। १५०१ देखी २५०० सम्म ५.५०। २५०१ देखी ४००० सम्म ६.५०। ४००१ देखी माथि रू ७। प्रति बर्ग फुट पर्खाल प्रति रनिङफूट रू १ पटक पटक गरी नक्सा पास गर्नेको हकमा कुल क्षेत्रफलको आधारमा कुन बर्गमा पर्ने हो सो निर्धारण गरी सोही बर्गको कर लिईने । नक्स संसोधन गर्दा कुल बुझाउनु पर्ने दस्तुर थप ३० प्रतिशत दस्तुर लिईने । कायम भएको दस्तुरको ५० प्रतिशत धरौटी वापत नगरपालिकाको धरौटी खातामा रकम जम्मा गरी भौचर पेश गर्नु पर्ने । नगरपालिका घोषणा हुनपूर्व निमार्ण भएका घरहरूको हकमा तोकिएको समय भित्र नक्सा नभएमा थप २५ प्रतिशत दस्तुर लाग्ने छ । नक्सा पास नगरी चर लेवल सम्म भौतिक संरचना बनाएमा लाग्ने दस्तुरको ३० प्रतिशत जरीवाना लाग्ने छ । नक्स पास नगरी चर भन्दा माथि निमार्ण गरेमा ६० प्रतिशत जरीवाना लाग्नेछ । नक्सा पास नगरी घर निमार्ण सम्पन्न गरेमा सतप्रतिशत जरीवाना लाग्ने छ । डिजाईन फरक पारी घरू निमार्ण गरेमो ७० प्रतिशत थप दस्तुर लाग्ने छ । घर निमार्ण गर्दा सडकमा जथाभावी सामान थुपार्नेलाई अबस्था हेरी र १०००। देखी १५०००। सम्म नगरपालिकाले जरीवाना लगाउन सक्नेछ । | शाखा प्रमुख |
| २४ | घर कायस सिफारीस | घरको नक्सा पास, लालपूर्जाको प्रतिलीपी, वडा समितिको सिफारीस, कर चूक्ता गरेको प्रमाण, जग्गा धनीको नागरीकताको प्रतिलीपी, | ३ घण्टा | १००० बर्गफुट सम्मको रू ५१०। सो भन्दा माथि प्रतिवर्ग फुट रू १। | शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | व्यवसाय दर्ता तथा ईजाजत | निवेदकको नागरीकताको प्रतिलीपी, फोटो दुई प्रति र अन्य आवश्यक कागजातहरू | ३ घण्टा | व्यवसायको प्रकृति र लागत पूजीका आधारमा निर्धारण गरे बमोजिम | शाखा प्रमुख |
| २६ | विज्ञापनको ईजाजत | विज्ञापनको किसिम, तुल, वोर्ड आदिको साईज, समय र स्थान प्रष्ट खुलेको सिफारीस, सम्बन्धित व्यक्तीको नागरीकताको प्रतिलीपी, चालू आवको नपालाई बुझाउनु पर्ने कर चुक्ता गरेको प्रमाण | ३ घण्टा | विज्ञापनको प्रकृति हेरी निर्धारण गरे बमोजिम | शाखा प्रमुख |
| २७ | आयश्रोत प्रमाणीत | आय देखीने प्रमाण ( जस्तै: घर भाडा, सम्झौता पत्र, व्यवसायीक फर्म बाट प्रमाणीत आम्दानी आफूले काम गरेको कार्यालयबाट प्रमाणीत तलव), आय प्रमाणीतको लागी प्रचलीत कानून बमोजिम चालू आवको कर बुझाएको प्रमाण, (आय कर, घर बहाल कर, पारीश्रमीक कर आदी) वडा समितिको सिफारीस, आवश्यक परे वडा कार्यालयको सरजमीन मुचूल्का समेत । | ३ घण्टा | प्रति लाख रू १००। विद्यार्थी प्रयोजनका लागी प्रति लाख रू ७०। | कार्यकारी अधिकृत |
| २८ | हैसियत प्रमाणीत | वडा समितिको सिफारीस, सम्बन्धित व्यक्तिको नागरीकताको प्रतिलीपी, जग्गाधनी पूर्जाको प्रतिलीपी, घर भए घर नक्साको प्रतिलीपी जग्गाको चलचल्तीको भाउ खुलेको वडा सरजनमीन, पत्र, चालू आवको कर तथा दस्तुर चुक्ता गरेको प्रमाण | ३ घण्टा | विद्यार्थी को लागी प्रतिलाख १००। अन्यको हकमा रू १५०। प्रति लाख | कार्यकारी अधिकृत |
| २९ | निशुल्क उपचार तथा अपांगता परीचय पत्र प्राप्ती सिफारीस | वडा सचिवको सिफारीस, नागरीकताको प्रतिलीपी | ३ घण्टा | निशुल्क | शाखा प्रमुख |
| ३० | निजी विद्यालय दर्ता सिफारीस | विद्यालयको निवेदन, तल्लो तहको स्वीकृति पत्र, शाखाको प्रतिवेदन र नगरपालिका वडाको निर्णय | ३ घण्टा | विद्यालयको स्तर हेरी निर्धारण गरे बमोजिम हुने | शाखा प्रमुख |
| ३१ | बाल विकास केन्द्र संचालन दर्ता सिफारीस | विद्यालयको निवेदन, शाखाको प्रतिवेदन र नगरपालिका वडाको निर्णय | ३ घण्टा | परिषदले निर्धारण गरे बमोजिम हुने | शाखा प्रमुख |
| ३२ | आर्थिक स्तर कमजोर भएको सिफारीस | सम्बन्धित वडा समितिको सिफारीस, नागरीकता प्रमाणपत्रको प्रतिलीपी | ३ घण्टा | रू ११०। | शाखा प्रमुख |
| ३३ | सूचीकृत जनजाती सिफारीस | सम्बन्धित वडा समितिको सिफारीस, नागरीकता प्रमाणपत्रको प्रतिलीपी, सम्बन्धित जातीगत संस्थाको सिफारीस | ३ घण्टा | रू २२०। | शाखा प्रमुख |
| ३४ | नपा संग सम्बन्धित सूचना प्राप्ती | आवश्यक विवरण खुलेको निवेदन | ३ घण्टा | सूचनाको हक सम्बन्धि ऐन २०६४ ले तोके बमोजिम हुने । | शाखा प्रमुख |
| ३५ | विज्ञापन सूचना | नगरपालिले आवश्यकता अनुसार नगरपालिकाले नै उपलब्ध गराउने | ३ घण्टा | सूचनाको प्रकृति हेरी तोके बमोजिम हुने । | शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | टेलीफोन जडान सिफारीस | निवेदको नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, घर निमार्ण सम्पन्न प्रमाणपत्रको प्रतिलीपी, लागायत अन्य आवश्यक कागजातहरू | ३ घण्टा | रू ११०। | शाखा प्रमुख |
| ३७ | खानेपानी जडान सिफारीस | निवेदको नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, घर निमार्ण सम्पन्न प्रमाणपत्रको प्रतिलीपी, लागायत अन्य आवश्यक कागजातहरू | ३ घण्टा | रू ४१०। | शाखा प्रमुख |
| ३८ | सिनेमा हल खोल्ने सिफारीस | निवेदको नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, वडा सरजमिन मुचुल्का सहित आवश्यक काजगजातहरू | १० दिन | रू १५०१०। | शाखा प्रमुख |
| ३९ | सिटि रिक्सा दर्ता सिफारीस | निवेदकको नागरीकताको प्रतिलिपी, सिटिरीक्सा खरीद विलको प्रतिलीपी लगायतका अन्य आवश्यक कागजातहरू | ३ घण्टा | रू २५१०। | शाखा प्रमुख |
| ४० | रीक्सा ठेला दर्ता सिफारीस | निवेदकको नागरीकताको प्रतिलीपी, रीक्सा खरीदको विल | १ दिन | रू ११०। | शाखा प्रमुख |
| ४१ | सरजमिन सिफारीस | सरजमिनको विषय खुलेको निवेदन, निवेदकको नागरीकताको प्रतिलीपी लगायतको आवश्यक कागजात | ३ दिन | रू ४००। | शाखा प्रमुख |
| ४२ | थ्रिफेज लाईन जडान सिफारीस | संस्था, व्यक्ति वा कम्पनी के को लागी लाईन जडान गर्न खोजीएको हो सो खुल्ने निवेदन, निवेदकको नागरीकता लगायतका कागजातहरूको प्रतिलीपी, अन्य आवश्यक कागजातहरू | ३ दिन | रू १०१०। | शाखा प्रमुख |
| ४३ | चारकिल्ला प्रमाणीत | वडा समितीको सिफारीस, सम्बन्धित वडा समितिको सिफारीस, सम्बन्धीत व्यक्तको नागरीकताको प्रतिलीपी, जग्गाधनी पूर्जाको प्रमाणपत्रको प्रतिलीपी, घर भए घर नक्साको प्रतिलीपी, चालू आवको कर चुक्ता गरेको प्रमाण | भोली पल्ट | रू ४१०। थप प्रतिकठ्ठा रू २५। सांध सिमाना फरक परेमा एउटै सिफारीसमा उल्लेख भएका प्रत्येक कित्ता बमोजिमको सिफारीस बराबरको दस्तुर लाग्ने । | शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | घरनक्सा नामसारी | घरको नक्सा तीन प्रति, जग्गाको राजीनामा पास गरेको प्रमाणको प्रतीलिपी १ प्रति, जग्गाधनी प्रमाणपूर्जाको १ प्रति, जग्गा धनीको नागरीकताको प्रतिलीपी १ प्रति जग्गाको फायल नक्सा सक्कल १ प्रति, राजश्व धरौटी राखेको प्रमाण, चाल आव सम्म नगरपालिकालाई बुझाउने कर तथा दस्तुरहरू बुझाएको प्रमाण | १ दिन | १००० बर्ग फुट सम्मको रू १५००। २००० बर्ग फुट सम्मको ३०००। ३००० बर्गफुट सम्मको ४५००। ४००० बर्ग फुट सम्मको रू ६०००। ५००० बर्गफुट सम्मको रू ६०००। ५००० बर्गफुट सम्मको ८०००। ५००० बर्गफूट सम्मको रू ९०००। घर धनीको मृत्यू भई नामसारी गर्नु परेको १००० बर्ग फुट सम्मको रू १०००। सो भन्दा माथि जतिसुकै भए पनि रू २५०० लाग्ने छ । | शाखा प्रमुख |
| ४५ | संस्था दर्ता सिफारीस | संस्थाको प्रस्तावित विधान, पदाधिकारीहरूको नागरीकताको प्रतिलीपी, तदर्थ समितिको गठनको निर्णय, व्यक्तिगत विवरण र अन्य आवश्यक कागजातहरू | ३ दिन | रू १०१०। | शाखा प्रमुख |

# कोसीहरैंचा नगरपालिका कार्यालय
# ईन्द्रपुर मोरङ
# नागरीक वडा पत्र २०७२

## पंजीकरण शाखा बाट प्राप्त हुने सेवाहरू

| क्र.सं. | सिफारीसको किसिम | आवश्यक पर्ने प्रमाणहरूको विवरण | लाग्ने अवधी | लाग्ने दस्तुर रू | तोकिएको अधिकारी |
|---|---|---|---|---|---|
| तोकिएको अनुसू | ३ घण्टा | घटना घटेको पैतीस दिन भित्र दर्ता हुन आएमा दस्तुर नलाग्ने सो समय नाघि आएमा रू ६०। दस्तुर लाग्ने अन्यत्र बाट व्यक्तिगत घटना दर्ता गराउनु | | | **नेपाल सरकारले तोकेको स्थानीय पंजीकाधिकारी** |

| | | | | | |
|---|---|---|---|---|---|
| ची बमोजिम भरी बाबु आमाको नागरिकताको प्रमाण पत्रको प्रतिलीपी | | पर्नेमा सो नगराई बेजिल्लाको व्यक्तिगत घटना दर्ता गर्नु पर्ने भएमा थप रू २५०। जरीवाना स्वरूप लाग्ने छ । | | | |
| तोकिएको अनुसूची बमोजिम भरी सूचकको नागरिकताको प्रमाण पत्रको प्रतिलीपी, मृतकको नागरिकताको प्रतिलीपी | ३ घण्टा | | | | |
| तोकिएको अनुसूची बमोजिम भरी बसाई सरी आएको प्रमाण पत्रको प्रतिलीपी, सूचकको नागरिकताको | ३ घण्टा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रमाण पत्रको प्रतिलीपी | | | | | |
| तोकिएको अनुसूची बमोजिम भरी घर मूलीको नागरीकताको प्रमाण पत्रको प्रतिलीपी | ३ घण्टा | | | | |
| ५ | सम्बन्ध विच्छेद | तोकिएको अनुसूची बमोजिम भरी पहिले विवाह दर्ता गराएको भए सो विवाह दर्ताको प्रमाण पत्र सक्कलै आवश्यक अन्य कागजातहरू | ३ घण्टा | | |
| ६ | विवाह दर्ता | तोकिएको अनुसूची बमोजिम भरी पति र पत्नीको नागरीकताको प्रतिलीपी लिएर दुवै जना अनिवार्य उपस्थित हुने । | ३ घण्टा | | |

सुचना प्राप्त गरी आफूलाई आवश्यक पर्ने सेवाहरु सरल एवम् सहज तरिकाले तोकिएको समयमा प्राप्त गर्न पाउनु आम नागरिकको अधिकार हो भन्ने कुरालाई मध्यनजर गरी कोसीहरैँचा नगरपालिका कार्यालयले सबैले सजिलै देख्ने ठाउँमा नागरिक बडापत्र राखेको छ ।

## पूर्वाधार निर्माण

यस कोसीहरैँचा नगरपालिका हुनु पूर्व इन्द्रपुर, हरैँचा र मृगौलिया गरी तिन गा.वि.स हरु सञ्चालनमा थिए । विकास निर्माणमा कार्य मन्द गतिमा सञ्चालनमा थिए । नगरपालिका भएपछि विगत कालमा भएका पूर्वाधार निर्माण कार्यलाई समग्रमा हेर्दा विकास कार्य त भए तर समयको अन्तराललाई हेर्दा जुन गतिमा हुनुपथ्यो त्यो भएको देखिएन । प्रजातन्त्र प्राप्ती पछिका कालखण्ड र नगरपालिका हुनु पूर्व भएका विकास कार्यलाई निम्नरुपमा प्रस्तुत गरिएको छ ।

| सि.न | विवरण | एकाई | कैफियत |
|---|---|---|---|
| १. | माटो सडक | १३ कि.मि | |
| २. | ग्राभेल सडक | ११२ कि.मि | |
| ३. | कालोपत्रे सडक | २२ कि.मि | |
| ४. | मर्मत सम्भार | शुन्य देखियो | |

| | | | |
|---|---|---|---|
| ५. | खानेपानी योजना | | |
| ६. | उप- स्वास्थ्य चौकी | ३ वटा | |
| ७. | विधालय भवन | २५ वटा | |
| ८. | | | |
| ९. | सडकपुल | | |
| १०. | बिधुतिकरण | | |

माथिका विवरणहरु २७ वर्षको कालखण्डमा भएका विकास पूर्वाधार हो । जब नगरपालिका धोषणा भयो तबबाट प्रत्येक पूर्वाधार निर्माण कार्यलाई जनसहभागिता र नगरपालिकाको आर्थिक संयोजनमा साथै नगरपालिकाको प्राविधिक जनशक्तिको प्रत्यक्ष निगरानिमा कानुन सम्मत र दिगो र टिकाउ पूर्वाधार निर्माणका योजनालाई मूर्तरुप दिइयो । नगरपालिका घोषणा पछिका पूर्वाधार निर्माण कार्य निम्न छन् ।

**आ.ब २०७१/०७२**

| सि.न | विवरण | एकाई | कैफियत |
|---|---|---|---|
| १. | माटो सडक | शुन्य | |
| २. | ग्राभेल | ११ कि.मि | |
| ३. | कालोपत्रे | ४५ कि.मि | |
| ४. | मर्मत सम्भार | ६ कि.मि | |
| ५. | विधालय भवन | १० वटा | |
| ६. | सडक पूल | ८वटा | |
| ७. | विधुत वितरण | १० कि.मि | |

**आ.ब २०७२/०७३**

| **सि.न** | **विवरण** | **एकाइ** | **कैफियत** |
|---|---|---|---|
| १ | कालोपत्रे | १४.६२ कि.मि | |
| २. | ग्राभेल | ३४.६२ कि.मि | |
| ३. | आर.सि.सि कल्भंट | ३ वटा | |
| ४. | सामुदाहिक भवन | २६ वटा | मर्मतसम्भार |
| ५. | होमपाइप कलर्भट | ७ वटा | |
| ६. | तटबन्ध | ३ वटा | |
| ७. | बाध | २ वटा | मर्मतसम्भार |
| ८. | ढल/एजिङ | ७.३९ कि.मि | |
| | जम्मा योजना संख्या | १७६ | |

नगरपालिका हुनुपुर्व र भएपछिको पूर्वाधार निर्माणलाई तुलनात्मकरुपमा विश्लेषण गर्दा नगरपालिका भए पश्चात विकासका कार्यहरु दुत्र गतिमा भएको देखिन्छ । कालोपत्रे सडक र ग्राभेललाई नगरपालिका हुनुपूर्व र प्रजातन्त्र प्राप्ती पछिको २७ वर्षे कालखण्ड र नगरपालिका भएपछिको दुई वर्षे कालखण्डलाई दाज्ने हो भने नगरपालिका पूर्व प्रत्येक वर्ष ०.८ कि.मि पिच र ४.१५ कि.मि ग्राभेल भएको देखिन्छ । नगरपालिका भए पश्चात प्रत्येक वर्ष ९.५६ कि.मि पिच र २२.६७५ कि.मि ग्राभेल भएको देखिन्छ । आ.ब. २०७१/०७२ मा जम्मा ....योजनामा सम्झौता भएको थियो । त्यस्तै गरी आ.ब. २०७२/०७३ मा १७६ योजना संख्या थियो भने १७६ वटा योजनामा नै सम्झौता भएको छ । आ.ब २०७१/०७२ मा जम्मा जम्मा फछ्यौट भएको लगानी रकम रु ५ करोड ९८ लाख रुपैया र २०७२/०७३ मा जम्मा फछ्यौट भएको लगानी रकम रु ६ करोड ७१ लाख रहेको छ । समुहमा भन्नु पर्दा नगरपालिका भए पश्चात विकास निर्माणका कार्यहरु दुत्र गतिमा भएको र प्रत्येक वर्ष नगरपालिकाको विकास पूजीँ रकम पनि बढेको छ । जसलाई आधार मान्ने हो भने आगामी आर्थिक वर्षमा पनि विकास कार्य र लगानी पूजीँ बढ्ने नै देखिन्छ ।

## भवन सहिंता कार्यान्वयन

नेपाल भूकम्पीय जोखिमको हिसावले अत्यन्त संवेदनशिल क्षेत्रमा पर्दछ । भारतिय उपमहादिप युरोशियन महादीपमा (इन्डियन प्लेट टिवेटियन प्लेटमा) घस्रेर उत्पन्न घस्रणका कारण विकिभन्न समयमा नेपालमा भूकम्प गएको छ । भूकम्पीय जोखिमको हिसाबले विश्वमै ११ औं स्थानमा रहेको नेपालको इतिहासमा प्रत्येक ८० देखि १०० वर्षको अन्तरालमा एक महाभुकम्प आउने गरेको तथ्य प्रमाणित भएको छ । अन्य प्राकृतिक प्रकोपबाट भागेर पनि बच्न सकिएला तर भूकम्प कहिले, कसरी र कत्रो आउँछ भन्ने थाहा नै नदिई आउने हुनाले यसबाट हामी भागेर बच्न सम्भव छैन । विज्ञानले समेत हाल सम्म भूकम्प आउने पूर्वानुमान गर्न नसकेको भूकम्प आफैले मान्छे मार्दैन तर हामीले बनाएका संरचनाहरु भत्कदा मान्छे मारिन्छन र ठूलो जनधनको क्षति हुन जान्छ ।

कोसीहरैंचा नगरपालिका कार्यालयले सबै कुराहरुलाई मध्यनजर गर्दै राष्ट्रिय भवन निर्माण संहिता २०६० र परिमार्जित भवन तथा योजना मापदण्ड २० कार्यान्वयनमा ल्याएको छ । भवन निर्माण संहिता बिशुद्ध प्राविधिक सुत्रबद्ध ऐन हो । जसको उद्धेश्य नेपालका सबै क्षेत्रमा सुरक्षित घर तथा भवन निर्माण गरी मानविय क्षति न्यूनिकरण गर्ने र सुरक्षित समाजको स्थापना गर्ने नै हो । यस कोसीहरैंचा नगरपालिका कार्यालयमा वि.स २०६७ साल श्रावण १ गते देखि घर नक्सा पास सम्बन्धिका कामहरु सञ्चालनमा आएको थियो । वि.स २०७१ साल बैशाख २५ गतेका दिन नगरपालिका घोषणा भए पश्चात त्यही वर्ष को पुष महिना देखि घर नक्सा प्रकृयालाई विगतको हेरी आज सुद्रिड बनाउदैं एक जना इन्जिनियर र अमिन थप गरी वैज्ञानिक र अझ कानुनी रुपले परिपूर्ण रुपमा नक्सा पास प्रकृया अगि बढाईयो ।

यस कोसीहरैंचा नगरपालिकामा घरनक्सा पास प्रकृयाको इतिहास हेर्दा साविक हरैंचा गा.वि.स. मा यस प्रकारको कुनै पनि प्रकृया नरहेको तर मृगौलिया गा.वि.स मा भने घरनक्सा पास प्रकृया नभई घरनक्सा प्रमाणितको प्रकृया रहेको देखिन्छ । साविक इन्द्रपुर गा.वि.स मा भने मिति २०६७/०४/०१ गते देखि घरनक्सा पास प्रकृया शुरु गरको देखिन्छ ।

साविक मृगौलिया गा.वि.स मा आ.ब २०६८/०६९ देखि घरनक्सा प्रमाणित शुरु भएकोमा यस गा.वि.स नगरपालिकामा सामेल हुदाँ सम्म करिब १३० वटा घरको नक्सा प्रमाणित भएको देखिन्छ । साविक इन्द्रपुर गा.वि.स मा आ.ब २०६७/०६८ मा २१५ वटा घरका घरनक्सा दर्ता भएकोमा सोहि आ.व. मा घरधनीले इजाजत लिएको र ८९ घरधनीले निर्माण सम्पन्न पत्र बुझेको देखिन्छ । सोहि क्रममा आ.व. २०६८/०६९ मा ४११ दर्ता इजाजत र २३५ निर्माण सम्पन्न पत्र बुझेको देखिन्छ । आ.ब २०६९/०७० मा ४५६ दर्ता, १८ इजाजत र २७८ निर्माण सम्पन्न पत्र बुझेको देखिन्छ । आ.ब. २०७०/०७१ मा १००६ दर्ता, ६२ इजाजत र ३०० निर्माण सम्पन्न पत्र बुझेको देखिन्छ । आ.ब. २०७१/०७२ मा ५३९ दर्ता, १२८ इजाजत र ६४९ निर्माण सम्पन्न पत्र बुझेको देखिन्छ र आ.ब. २०७२/०७३ मा ६८५ दर्ता, २०५ इजाजत र ७४३ घरनक्सा निर्माण सम्पन्न प्रमाण पत्र यस नगरपालिकाद्धारा दिईएको छ । यसरी सबै तथ्याकंलाई हेर्दा हालसम्म ३३१२ दर्ता, ४२३ इजाजत र २२९१ घरको निर्माण सम्पन्न पत्र बुझेको देखिन्छ ।

यसरी तथ्यांकलाई हेर्दा साविक गा.वि.स हरुमा शुरुवाती समयमा घरनक्सा पास प्रकृर्यामा न्यून रहेतापनि समय अनुसार उल्लेखनिय बृद्धि देखिन्छ । घरनक्सा पास प्रकृया अन्य सामान्य प्रकृया भन्दा केहि फरक र केहि लामो प्रकृया भएको हुनाले यस नगरपालिकाले घरनक्सा पासका निम्ति २५ दिनको समय तोकिएको छ । यस कोसीहरैँचा नगरपालिकामा घरनक्सा शाखा र उपशाखा रहेकोमा शाखा प्रमुख इन्जिनियर एक जना, सब-इन्जिनियर एक जना, अमिन एक जना र कार्यालय सहयोगी एक जना गरी ४ जना कर्मचारी कार्यारत छन् । यस कोसीहरैँचा नगरपालिका को क्षेत्रफल र जनसंख्या आधारमा अन्य छिमेकि नगरपालिका र गा.वि.स. भन्दा समृद्ध छ । यस कोसीहरैँचा नगरपालिका मा ४७७८२ जनसंख्या  हेको र झण्डै ११००० घरधुरी रहेको छ । यस कोसीहरैँचा नगरपालिकामा क्षेत्रफल र जनधनत्वलाई आधार मान्ने हो भने घरनक्सा शाखालाई समयमा र नियमित कार्य सम्पादन गर्न निकै ठूलो चुनौती देखिन्छ । तथापि यस कोसीहरैँचा न.पा. को यो दोस्रो ठूलो आम श्रोतका रुपमा समेत लिन सकिन्छ । आ.ब. २०७१/०७२ मा यस घरनक्सा शाखाबाट रु २८२०००० घरनक्सा पास दस्तुर असुल भएको देखिन्छ र आ.ब २०७२/०७३ मा यस शाखाबाट रु ६८४७४३२ आम्दानी असुल भएको छ । यस कोसीहरैँचा नगरपालिकामा नगरवासीहरुको बढ्दो सहभागितालाई हेर्दा समयको माग साथसाथै विगतमा भन्दा जनचेतनाको स्तरमा समेत अभिवृद्धि भएको मान्न सकिन्छ । यहाँका नगरवासीमा कार्यालय प्रतिको विश्वासको कारणले हालै २०७२ बैशाख १२ गते गएको विनासकारी भुकम्प पछि नेपाल सरकारले ल्याएको घरनक्सा र निर्माण विधि मापदण्डको समेत खुलेर अनुसरण गरेको देखिन्छ । यहाँका नगरवासीले प्रस्तुत गरेका चासो, गुनासो र सहभागिताका आधारमा घरनक्सा शाखाले कार्य रणनीति बनाएर अगि बढ्नेछ । यस कोसीहरैँचा नगरपालिका कार्यालय घरनक्सा शाखाले नियमित जनताको गुनासो, सुझाव लिई हप्तामा एक पटक आईतवारका दिन प्राविधिक समितिको बैठक राखि छलफल र निर्णयहरु समेत गर्ने गरेको छ । यस घरनक्सा शाखाले थुप्रै चुनौतीका बाबजुद पनि जनताको कामकाज सम्पादन गर्दै आएको कुरालाई  नकार्न सकिदैन तथापी यस घरनक्सा शाखालाई यहाँका जनता, सेवाग्राही, राजनेता, बुद्धिजिवि, भद्रभलाद्मि, शिक्षाविद, शुभचिन्तकहरुको सल्लाह सुझाव र मार्गदर्शनको सदैव खाचोँ रहिरहनेछ ।

त्यस्तै गरी जग्गाको प्लटिंग गरी जग्गा कारोबार गर्न चाहने संस्थाले व्यवसायीक तथा व्यापारिक प्रयोजन ( जग्गालाई प्लटिङ गरी बिक्री बितरण गरिने) को लागि जग्गा किास, सामुहिक आवास, कुनै सर्वसाधारण भेला हुने सपिङ्गमल, सुपरमार्केट, स्कूल, कलेज, अस्पताल, नर्सिङहोम, बैंक तथा वितिय सँस्था पोलिक्लिलनिक आदिले भौतिक योजना कार्यान्वयन गर्नुपर्दा नगरपालिकाको प्राविधिकको सिफारिसमा Planning Permit

स्वीकृत गर्नु पर्नेछ । प्लटिंङ गरेको क्षेत्रमा टेलीफोनको खम्बा, बिजुलीको खम्बा, ढल तथा बाटो पिच गर्ने जिम्मेवारी पल्टिंगकर्ताकै हुने गरी प्लटिंगको Planning Permit स्वीकृत गरीनेछ । साथै प्लटिंग गरिएको हरेक घडेरीले तोकिएको भवन मापदण्ड समेत पुरा गर्नुपर्ने छ । उपरोक्त मापदण्डहरु पूरा गरेर मात्र Planning Permit प्रदान गरीनेछ । यस प्रावधान विपरित प्लटिंग गरेमा उक्त प्लटिंग क्षेत्रमा सार्वजनिक उपयोगिताहरु जस्तै धारा, बत्ति, बिजुलीहरु जडान हुने छैनन् । साथै उक्त जग्गा रोक्का राख्न लगाउन सकिने छ । त्यसकारण व्यवस्थित सहर निर्माणको लागि भवन निर्माण मापदण्ड उपयोग गर्नु पर्दछ ।

## भवन निर्माण मापदण्ड किन आवश्यक छ ?

- व्यवस्थित सहरको आधार :- कोसीहरैँचा नगरपालिकालाई व्यवस्थित बनाउनको लागि योजनाबद्ध विकासको गुरुयोजना वा त्यस्तै प्रकारको प्रतिकात्मक योजनाको आवश्यकता खण्केको छ । यस्तो योजनाले हाम्रो सहरको आवश्यकतालाई संबोधन गर्ने गरी भविष्यमा सहरको स्वरुपको समेत परिकल्पना गरिएको हुन्छ । यस परिकल्पनालाई लागु गर्नका लागि कानुनी आधार भनेको मापदण्ड नै हो किन भने मापदण्डले सहरको योजनालाई लागु गर्नका लागि विभिन्न प्रावधानहरुको व्यवस्था गरेको हुन्छ । त्यस्तो प्रावधान पालना नगर्ने व्यक्ति वा संस्था कानून बमोजिम दण्डित हुन सक्छ ।
- सहरी बातावरणको संरक्षण र सवर्द्धन :- मापदण्डमा सहरले परिलक्षित गरेका भूउपयोग तथा हरियाली क्षेत्र, नदी किनारा, सार्वजनिक स्थल आदिको संरक्षण गर्नका लागि विभिन्न प्रावधानहरु राखिएको हुन्छ । यस प्रकारको प्रावधानको पालनाले सुन्दर र स्वच्छ सहरको लक्ष्य हासिल गर्न सकिन्छ । सहरी जीवनलाई स्वस्थ, स्वच्छ र सुन्दर बनाउनका लागि मापदण्डको पालना गर्नु एउटा अति महत्वपूर्ण पक्ष हो ।
- वास्तुकला र सम्पदाको संरक्षण :- सहरी संस्कृति त्यहाँको वास्तुकला र ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाले निर्देशित गरेको हुन्छ । भवन निर्माण मापदण्डमा यस सहरको पहिचान झल्काउने वास्तुकलाको स्वरुपलाई कायम राखेर सहरको पहिचानलाई संरक्षण गर्न सकिन्छ । त्यस्तै सहरमा रहेका ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण सम्बन्धि प्रावधान राखी मापदण्डको सहरी संस्कृति संरक्षण गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।
- सहरी सुरक्षाको प्रत्याभूति :- भवन निर्माणमा आवश्यक सुरक्षाका पक्षहरु जस्तै भवन स्ट्रक्चरको सुरक्षा, आगलागीबाट सुरक्षा आदि सम्बन्धी प्रावधानहरु मापदण्डमा प्रमुख अंग हुन् । त्यस्तै विपद्बाट हुने सुरक्षाका लागि सडकको राइट अफ वे, खुला क्षेत्रको संरक्षण, आवागमन सम्बन्धि प्रावधानहरु, पैदल यात्रुको आवागमनको सहजीकरण आदि सम्बन्धि पक्षलाई मापदण्डमा सम्बोधन गरी मापदण्डमा सहरी सुरक्षालाई सम्बोधन गर्न सकिन्छ ।

# कोसीहरैँचा नगरपालिका कार्यालयको विशेष,संरक्षित क्षेत्र

## १) संस्थागत पूर्वाधार सम्बन्धी अवस्था :

**१. शिक्षण संस्था**

| सि.न | प्रा.वि | नि.मा.वि | मा.वि | उ.मा.वि | स्नातक | स्नातकोत्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| निजि | ६ | ४ | ११ | ३ | | | |
| सस्थागत | १३ | २ | ३ | ३ | | १ | |

**२. स्वास्थ्य केन्द्र**

| क.स. | स्वास्थ्य केन्द्रको प्रकृति | अस्पताल वा स्वास्थ्य संस्थाको शैया संख्या | वडा नं |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | | ९, इन्द्रपुर र मृगौलिया |
| २. | स्वास्थ्य केन्द्र | | १ मृगौलिया र हरैँचा |

**३. हुलाक कार्यालय**

| क.स | भवनको प्रकृति : वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| | गोटा | कच्चि | पक्कि | | |
| १. | ३ | - | ३ | ८,९,१३ | प्रत्येक साविक गा.वि.स |

**४. गा.वि.स / न.पाका हालका भवनहरु**

| क.स | भवनको प्रकृति : वटा | | वडा नम्बर | कैफियत |
|---|---|---|---|---|
| | पक्कि | कच्चि | | |
| १ | ४ | | ४,८,१३ | इन्द्रपुरमा २ वटा मृगौलिया र हरैँचामा एक एक वटा |

**५. खेलकुद मैदान**

| क.स | स्थान | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | इन्द्रपुर खेलकुल मैदान | ४ विगाहा | नगरपालिकाको नाममा नरहेको |
| २. | सुकुना खेलकुद मैदान | १ विगाहा | |
| ३. | हरैँचा खेलकुल मैदान | १ विगाहा | |

| **६. पार्क तथा उद्यान** | | | |
|---|---|---|---|
| **क.स** | **स्थान** | **क्षेत्रफल (वर्ग कि.मि)** | **कैफियत** |
| १ | बागझोडा सिमसार क्षेत्र | ७ विगाहा | नगरपालिकाको नाममा नरहेको |
| २. | भुल्के सिमसार क्षेत्र | ३ विगाहा | |
| ३. | किच्चमगडि ग्राम धाम | १ विगाहा | |

| **७. बसपार्क वा वस स्टेशन** | | | |
|---|---|---|---|
| **क.स** | **स्थान** | **क्षेत्रफल (वर्ग कि.मि)** | **कैफियत** |
| १ | विराटचौक बस स्टेसन | महेन्द्र राजमार्ग | नगरपालिकाको नाममा नरहेको |
| २. | खोर्साने र सलकपुर स्टेसन | | |

| **८. ढल निकासा व्यवस्थापन** | | | |
|---|---|---|---|
| **क.स** | **स्थान** | **ढलको लम्बाई (वर्ग कि.मि)** | **कैफियत** |
| १ | निर्माणाधिन अवस्थामा रहेका नालि | ६.४ कि.मि | नाला बनाएको |

| **९. शवदाहको अवस्था र सम्भाव्यता** | | |
|---|---|---|
| क.स | स्थान | कैफियत |
| १. | हरैंचा शवदाह घाट- १३ वडा | लोहोन्द्रा खोलालाई छोएको |

| **१०. पर्यटकिय स्थल** | | |
|---|---|---|
| क.स | स्थान | कैफियत |
| १. | बागझोडा सिमसार क्षेत्र- १ वडा | तालपोखरी र मठ मन्दिर भएकोले |
| २. | भुल्के सिमसार क्षेत्र-९ वडा | |
| ३. | कालीखोला सिमसार क्षेत्र- ४ वडा | |

| **११. सडक** | | | | |
|---|---|---|---|---|
| **क.स** | **पिच सडक** | **ग्राभेल** | **कच्चि** | **कैफियत** |
| १. | ४१ कि.मि | १५५ कि.मि | १३ कि.मि | |

| १२. खानेपानीको स्रोत | | | |
|---|---|---|---|
| **क.स** | **खानेपानीको स्रोतको नाम** | **खानेपानीको स्रोत रहेका न.पा. को वडा नं** | **कैफियत** |
| १ | इन्द्रपुर साना सहरी खानेपानी आयोजना | कोसीहरैँचा- १ | टयांकी निर्माण गरी संचालन गरीएको |
| २. | सलकपुर खानेपानी | कोसीहरैँचा- ९ | |
| ३. | हरैँचा खानेपानी | कोसीहरैँचा-१४ | |

| **१३. वनक्षेत्र (निजि वन वाहेक )** | | | |
|---|---|---|---|
| **क.स** | **सामुदायिक/कबुलियती वनको नाम** | **नगरपालिका वडा नं.** | **कैफियत** |
| १ | जनजागरण सामुदायिक वन | कोसीहरैंचा- १ | तिनवटा वनको कुल क्षेत्रफल करिब ९०० हेक्टर रहेको |
| २. | जनचेतना सामुदायिक वन | कोसीहरैंचा- २ | |
| ३. | सुकुना सामुदायिक वन | कोसीहरैंचा-१ | |

| **१४. सिचाईको स्रोत तथा तालतलैया** | | | |
|---|---|---|---|
| **क.स** | **सिचांइको स्रोतको नाम** | **नगरपालिकाको वडा नं.** | **कैफियत** |
| १ | वागभ्कोडा पोखरी | कोसीहरैंचा- १ | |
| २. | कालिखोला | कोसीहरैंचा- ४ | |
| ३. | किस्तिखोला | कोसीहरैंचा-१ | |
| ४. | भुल्के पोखरी | कोसीहरैंचा- ९ | |

| **१५. बैंक तथा वितिय संस्था** | | | | | |
|---|---|---|---|---|---|
| **क.स** | **सहकारी संस्था** | **फाईनान्स** | **विकास बैंक** | **बैंक** | **कैफियत** |
| १. | १२० | ० | ४ | ४ | १ सहरकारी बाँकी सबै निजि |

| **१६. धार्मिक स्थलको नाम** | | | | | |
|---|---|---|---|---|---|
| **क.स** | **मन्दिर** | **मस्जीद** | **गुम्वा** | **चर्च** | **अन्य** |
| १. | १६ | १ | १ | २ | |